निर्णय नं. १ कृषि तथा पशु बीमाका लागि यस नगरपालिकामा दर्ता तथा सूचीकृत भएका कृषक समूह तथा व्यक्तिगत फर्मका व्यवसायिक कृषकहरुलाई निःशुल्क बाली तथा पशु बीमा गर्ने सम्बन्धमा आइएमइ जनरल कम्पनीसँग समझदारी गरी कृषि तथा पशु वीमा सम्बन्धी काम अगाडि बढाउने ।

निर्णय नं. २ बी.पी.नेत्र प्रतिष्ठान काठमाडौले यस शंखरापुर नगरपालिकाको श्री भगवती मा.वि.का विद्यार्थीहरुलाई दृष्टी जाँच सम्बन्धी तालिम दिने विषयमा अनुमती माग भई आएको सन्दर्भमा अनुमति दिने ।

निर्णय नं. ३ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ६१ बुँदे सुझावहरुलाई मध्यनजर राखी नगरपालिकाका काम कारबाही अगाडि बढाउने ।

निर्णय नं. ४ राष्ट्रिय ओजना आयोगबाट सूचना प्रकाशन भए अनुसार यस नगरपालिकाका क्षेत्रका लागि विशेष अनुदान माग गर्ने सम्दर्भमा शंखरापुर नगरपालिका क्षेत्रको साँखु खानेपानी आयोजना विस्तृत परियोजना प्रतिवेदन अध्ययन अनुसार निर्माण गर्न राष्ट्रिय ओजना आयोगमा बजेट तथा कार्यक्रम माग गरी पठाउने ।

निर्णय नं. ५ यस नगरपालिका भित्र रहेका बालुवा प्रशोधन केन्द्र र माटो खानीहरुको नविकरणको लागि नगरसभा २०७६ बाट रु. ५ लाख नविकरण शुल्क कायम गरिएकोमा व्यवसायीहरुको गुनासो समेतलाई मध्यनजर राखी हाललाई नविकरण शुल्क रु. ३ लाख कायम गरी आगामि नगरसभाबाट अनुमोदन गराउने ।

निर्णय नं. ६ शंखरापुर नगरपालिका वडा नं. ५ बस्ने बिष्णु प्रसाद पोखरेल बसोबास गर्दै आइरहेको घर बर्षातको कारणले घर अगाडि र पछाडि पहिरो गई जोखिममा परेको हुँदा उक्त घर संरक्षण गर्न यस नगरपालिकाको मर्मत संभार कोषबाट रु. २ लाख उपलब्ध गराउने ।

निर्णय नं. ७ यस नगरपालिकामा कार्यरत कार्यालय सहयोगी अनालिका श्रेष्ठले रु. ४,५०० मा करारमा काम गर्दै आउनु भएको हुँदा उक्त रकम ज्यादै कम देखिएकोले मिति २०७६ माघ महिना देखि रु. ५,५०० थप गरी मासिक रु. १०,००० उपलब्ध गराउने ।

निर्णय नं. ८ खानी जन्य बस्तुको संरक्षण एवं व्यवस्थापन गर्न अति जरुरी भएकोले नरपालिकाबाट तयार गरिएको संशोधन सहित नदी तथा खानीजन्य बस्तुको संरक्षण एवं व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ पारित गरी कार्यान्वयन गर्ने ।

निर्णय नं. ९ यस नगरपालिका क्षेत्र भित्र कार्यरत महिला स्वास्थ्य स्वयमं सेविकाको उमेर ६० बर्ष पुरा भएको भए निजहरुलाई प्रोत्साहन सहित अवकाश दिन सम्बन्धित शाखाबाट प्रकृया अगाडि बढाउने ।

निर्णय नं. १० साँखु खानेपानीमा विनियोजित रकम मध्येबाट DPR तयार गर्न र भल्ब चेम्बर निर्माण उपभोक्ता समितिले गर्ने गरि रु. १५ लाख छुट्याउने ।

निर्णय नं. ११ शंखरापुर पोलिटेक्निक इन्स्टिच्युट CTEVT देखि पुरानो बसपार्कसम्म दायाँ बायाँ छोडिएका जग्गामा कुनै भौतिक संरचना निर्माण गर्न नदिने । यदि निर्माण भैरहेको पाइएमा तत्काल निर्माण कार्य रोक्का गर्ने ।

निर्णय नं. १२ संस्कृति प्रवर्द्धन अन्तर्गत बाजागाजा खरिद, मर्मत तथा तालिम शिर्षकमा विनियोजित रु. ५ लाख मध्येबाट मानन्धर साँस्कृतिक समूहः लाई बाजागाजा खरिद तथा तालिमका लागि बाजागाजा अन्तर्गत पर्यटक शीर्षकबाट २ लाख ५० हजार रुपैंया उपलब्ध गराउने र कार्यक्रम सम्पादन प्रशारन तथा प्रचारप्रसार शिर्षकबाट २ लाख रुपैंया मणिचुड मिडिया प्रा.लि.लाई यस नगरपालिकाको समाचारहरु प्रकाशन गरेबापत उपलब्ध गराउने ।

निर्णय नं. १३ भगवती माध्यामिक विद्यालयलले गरेको मागको आधारमा उक्त विद्यालयको अक्षयकोष स्थापनाको लागि मर्मत संभार कोषबाट २ लाख रुपैंया उपलब्ध गराउने ।

निर्णय नं. १४ पुरानो बसपार्क देखि महादेवस्थानसम्मको साँखु सम्पदा बस्ती भित्र जोडिएको सडकमा भुकम्प पिडित नीजि आवासको हकमा सडकको केन्द्रबाट ६।६ मिटर छोडेर मात्र अस्थायी वा स्थायी संरचना निर्माण गर्ने व्यवस्था मिलाउने ।

निर्णय नं. १५ भाग्योदय मा.वि. साँखुको भवन निर्माणका लागि जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) बाट लागत इष्टिमेट तथा कार्य सम्पन्न प्रतिवेदन तयार भए अनुसार रु. ३४,८६,४२७।५६ भुक्तानी बाँकी देखिएकोमा गत आ.व.मा यस नगरपालिकाको विनियोजित रकम रु. १५ लाख र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट रु. १० लाख गरी जम्मा १५ लाख भुक्तानी भएकोमा भुक्तानी हुन बाँकी रकम ९,८६,४७२।५६ मा ३% कन्टिन्जेन्सी कट्टा गरी बाँकी रकम ९,५६,८७८२३८ चालु आ.व. मा यस नगरपालिकाबाट भाग्योदय स्कुल शिर्षकमा विनियोजित रकमबाट भाग्योदय मा.वि.लाई अनुदान दिने ।

निर्णय नं. १६ स्थानीय राजश्व परामर्श समितिबाट आगामी आ.व. ०७७।७८ को लागि तयार भएको आय व्ययको विवरण यस बैठकबाट पारित गरी संघीय अर्थ मन्त्रालयमा पेश गर्ने ।

निर्णय नं. १७ यस नगरपालिका वडा नं. ६ र ७ को फोहोरमैला व्यवस्थापन गरिरहेको Blue Waste to Value लाई अन्य वडामा समेत फोहोर संकलन तथा व्यवस्थापन गर्न लगाउने गरी फोहोरमैला व्यवस्थापन शिर्षकमा विनियोजित बजेटबाट २०७६ माघ देखि २०७७ आषाढसम्मको लागि २ लाख ४० हजार उपलब्ध गराउने ।

निर्णय नं. १८ यस नगरपालिकाबाट आ.व. ०७६।०७७ को नगरस्तरीय कार्यक्रमबाट बज्रयोगिनी मणिचुड पदमार्ग शिर्षकमा विनियोजित बजेटको कार्यान्वयनको लागि उक्त पदमार्ग निर्माण गर्ने स्थान श्री शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज भित्र पर्नेभएको हुँदा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, पानीमूहान, काठमाडौंबाट सहमति लिई कार्य अगाडि बढाउने ।

निर्णय नं. १९ पुरातत्व विभाग (स्मारक संरक्षण शाखा) को स्मारक २०७६।०७७।२७ च.नं. ८७२ मिति २०७६।९।१८ गते प्राप्त पत्रानुसार ऐतिहासिक तथा पुरातात्विक स्थल एवं स्मारक (मन्दिर, चैत्य, पाटी, सत्तल, ढुंगेधारा, आदि साँस्कृतिक सम्पदा समेत) हरुको संरक्षणको लागि लेखि आएको हुँदा उक्त विभागको स्वीकृति लिएर मात्र विकास आयोजना संचालन गर्न सवै वडा कार्यालयलाई पत्राचार गर्ने ।

निर्णय नं. २० २०७६।८।२३ को कार्यपालिका बैठकबाट धारापानी पटाप DPR तयार गर्न रु. ५ लाख विनियोजित गरेकोमा चालु आ.व. को स्वीकृत कार्यक्रममा धारापानी पटाप सडक रु. ३० लाख प्रदेशको अनुदानमा संचालन गर्ने गरी राखिएको हुँदा स्कुल डाँडा कुण्डेश्वर शिर्षकमा रु. ३० लाख विनियोजन भएको र यस DPR ले यस शिर्षकको बाटो समेत समेट्ने हुँदा स्कुल डाँडा कुण्डेश्वर शिर्षकमा विनियोजित रु. ३० लाखबाट धारापानी पटाप सडकको DPR तयार गरेको रकम रु. ५ लाख भुक्तानी गर्ने ।

निर्णय नं. २१ शालिनदी क्षेत्रको चन्द्रावती माताको मन्दिर परिसरमा चढाएको भेटी सम्बन्धित जग्गाधनीको विवादमा नगरपालिकाबाट खटाइएका कर्मचारीहरुले संकलन गरि रहेकोमा संकलित भेटी कार्यालयमै राखीरहन सुरक्षाको दृष्टिबाट अव्यावहारिक भएकोले अर्को निर्णय नभएसम्म यस नगरपालिकाको कर्मचारी परिचालन गरी संकलन गरी यसको सम्बन्धमा पछि निर्णय हुँदा सोही बमोजिम हुने गरी हाललाई संकलित रकम नगरपालिकाको विविध खातामा जम्मा गर्ने ।

निर्णय नं. २२ मिति २०७६ माघ गते १२ गते देखि माघ १६ सम्म बंगदादेशमा हुने नमूना सामुदायिक विद्यालयहरुको अध्ययन/अवलोकन भ्रमणमा नगरपालिकाको तर्फबाट निम्न र्मचारीहरुलाई खटाउनेः

| | | |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | श्री भोजराज खतिवडा |
| २. | उप सचिव (शिक्षा) | श्री बौधराज निरौला |
| ३. | शाखा अधिकृत (शिक्षा) | श्री कमला पोखेल |
| ४. | लेखा अधिकृत | श्री गोविन्द प्रसाद अधिकारी |
| ५. | सहायक चौथो | श्री सुवोध थापा |

उपर्युक्त निर्णयानुसार खटिई जाने कर्मचारीहरुलाई भ्रमण खर्च नियमावली २०६४ को नियम १४(५) मा भएको व्यवस्था बमोजिम भ्रमण अवधिको खाना तथा पकेट खर्च बापतको ३० प्रतिशत र होटल बास खर्च बापत दैनिक रु. २,०००।०० तथा इकोलोजी कक्षाको आतेजाते हवाई जहाज भाडा उपलब्ध गराउने ।

निर्णय नं. २३ सामाजिक क्षेत्र विकास कार्यक्रम अन्तर्गते अन्य शैक्षिक कार्यक्रममा विनियोजित रु. ५ लाखबाट पाठ्यपुस्तक लेखनमा रु. ५३,४८०।००, पाठ्यक्रम लोकार्पणमा रु. १,२८,८४०।०० र शिक्षा दिवस कार्यक्रममा रु. ६१,०५३।०० खर्च भएको रकम अनुमोदन गरियो ।

निर्णय नं. २४ यस नगरपालिका भवन, वडा कार्यालय भवन लगायतका अन्य भवनहरु निर्माणको लागि कार्यक्रम रहेको हुँदा सो लगायत भवनहरुको नक्सा सहित सवै डिजाइनको कार्य गर्न नगरपालिकामा हाल आर्किटेक इन्जिनियर नरहेको हुँदा मिति २०७६ भाद्र देखि ज्यालादारीमा कामकाज लगाइएका ई. श्री सनद नाथ श्रेष्ठलाई मिति २०७६

पौष देखि ४ महिनासम्मको लागि निजलाई नै दैनिक ज्यालादारीमा कामकाज लगाउने र गत आ.व. ०७५।०७६ मा मर्मत सम्भार संकलन गर्न खटिएका शंखरापुर १ बस्ने श्री दिल बहादुर तामाङलाई पनि नगरपालिकाको कामको लागि आवश्यक रहेको हुँदा मिति २०७६ मंसिर देखि नै काममाज गर्दै आएकोले मिति २०७६ मंसिर देखि नै पारिश्रमिक भुक्तानी गर्ने गरी ज्यालादारीमा कामकाज लगाउने ।

निर्णय नं. २५ पर्यटन वर्ष २०२० लाई लक्षित गरी यस नगरपालिकाको तपसिल बमोजिमको पर्यटन क्षेत्र तोक्ने

तपसिल

- मणिचुडबज्रयोगिनी
- शालीनदी
- जहरसिंपौवा
- सम्पदा बस्ती साँखु
- झुले, देउराली